
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०१९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २१ गते बिहीबार ❑ 7 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पोखरा रंगशालामा बाघ मार्दै सम्पन्न भयो बाघ जात्रा

पोखरापत्र संवाददाता
पोखरा, २० भदौ

पोखरा रंगशालामा प्रतिकात्मक बाघ मार्दै २३ बर्ष पछि पहिलो पटक पोखरामा आयोजना भएको बाघ जात्रा सम्पन्न भएको छ।



सोमबारदेखि पोखरामा सुरु भएको बाघ जात्रा पोखराका विभिन्न नगरी परिक्रमा गर्दै बुधबार पोखरा रंगशालाको फुटबल मैदानमा हजारौं दर्शक माझ साँझ पख प्रतिकात्मक बाघ मारेसँगै उक्त जात्रा सम्पन्न भएको आयोजक समितिका संयोजक जवाहरलाल श्रेष्ठले बताए। विभिन्न कारणले गर्दा २३ बर्षमा पोखरामा पहिलो पटक आयोजना भएको बाघ जात्रा अब ७ बर्षमा आयोजना गरिने भएको उनले जनाए। बाघजात्रा तीन दीन पोखराका विभिन्न बजार हुदै बस्तीसम्म प्रर्दशनी गरिएको थियो भने कुनै आस्था र धर्म भन्दा नितान्त फरक ढंगले परम्परादेखि मनोरन्जनको रुपमा मनाउदै आएको आयोजक समितिका सचिव सुनिल उलकले बताए। यस बर्षदेखि उक्त जात्रालाई अन्य समुदायका व्यक्तिहरुले समेत साथ र आफ्नो अभियानमा जुटेको सचिव उलकले दाबी गरे। बाघ जात्रालाई आफुहरुले सबैको जात्रा र यसलाई संस्कृतिको रुपमा ग्रहण गर्नुपर्ने उनको भनाई छ। उनले भने "जसरी हामीले टोल टोललाई पत्र पठाएका थियौं तर पत्र पठाए अनुसार बाघ जात्रामा केही कम सहभागिता भएको हामीलाई महशुस भएको छ।" जात्रा वा संस्कृति कसैको खल्तीमा राखेर हिड्ने नभएको बताउदै सचिव उलकले यस बर्षको बाघ जात्रामा मगर, शेर्पा, भोटे लगायतका समुदायको साथ प्राप्त भएको बताए।

४ बर्ष पछि भैरव जात्रा आयोजना हुने भएको बताएका उलकले ताया माचाः पोखराको ब्राण्ड नै भएको दाबी गरे। संस्कृति जोगाउन नयाँ पुस्तालाई पुस्ता हस्तान्तरण गरिएको उनले दाबी गरे। ८० बर्षका कृष्णदेव प्रधानाङ्ग र मेघबहादुर ताम्राकार दुई जनाले मात्र प्रतिकात्मक बाघ मार्दा त्यसलाई म्युजिकको तालमा कसरी मार्ने भन्ने ज्ञान भएकोले हाल ८ जनालाई ताम्राकारबाट प्रशिक्षण गराई पुस्ताहस्तान्तरण गरिएको सचिव उलकले बताए।

उक्त कार्यले बाघ जात्राको बिषयमा अबको २० देखि २५ बर्षलाई ढुक्क हुने भएको उनले बताए। उनले भने "गलत कुरालाई समाजबाट अन्त्य गर्नुपर्छ, हामी भित्र रहेका नकरात्मक तत्वलाई समेत हटाउनु पर्छ, समाजलाई समस्या दिनेहरु प्रतिकात्म बाघको रुपमा पनि केही हुन सक्छन उनीहरुलाई पनि सकरात्मक बाटोमा लैजानु पर्छ भन्ने पनि यो जात्राको सन्देस हो।" २३ बर्ष अघि संयोजक रहेका श्रेष्ठले यसबर्ष आयोजना भएको जात्रामा आफुहरुले अपेक्षा गरे भन्दा बढी पोखरेलीहरुको साथ र समर्थन पाएको दाबी गरे। जात्रामा सहभागि हुने कलाकार देखि प्रर्दशन भएको जात्रा अवलोकन गर्नेहरुको समेत उत्तिकै सकरात्मक ढंगले सहभागि भएको उनले जनाए। उक्त कार्यक्रममा एक सय भन्दा बढी कलाकारहरु सहभागिता भएको श्रेष्ठले बताए। लोपोन्मुख अवस्थामा रहेको जात्राको उजागर गर्न र युवापुस्तालाई पुस्तान्तरण गर्ने उद्देश्यले बाघ जात्रा आयोजना गरिएको संयोजक श्रेष्ठले जनाए। परामपरागत रुपमा चलेको यस जात्राले जंगली जनावार बाघसंग जोडिएको पाइन्छ। पहिला पहिला गाँउ घरमा बाघले धेरैलाई दुःख दिने गरेकोले गाँउलेहरुले राजा समक्ष हार गुहार गरी शान्ति सुरक्षाको माग भए बमोजिम बाघलाई नियन्त्रण गर्न राजा सहितका प्रधानमन्त्री, प्रधान सेनापति, सुरक्षाकर्मीको टोली खटियको प्रचलन रहेको थियो। मानव बस्ती बढेसँगै जंगली जनावरको बासस्थान समेत मासिदै जादा पनि जंगली जनावर बाघ मानव बस्तीमा आएर आक्रमण गर्दा त्यसलाई मारेर मात्र मानव बस्तीको सुरक्षा हुने प्रचलन अनुसार त्यसको सिको गर्दै यसपालीको बाघ जात्रामा पनि यसको डेमो प्रर्दशनी हुने भएको सचिव उलकले दाबी गरे। शनिबार बेलुका बाघ मारेसँगै कार्यक्रम सम्पन्न भएको उनले जनाए। यसपाली भक्तपुर नगरपालिकाबाट घिन्ताङ्घिसी बाजा सहितको नृत्य प्रर्दशनी गरिएको थियो भने मुस्ताङबाट राजा र रानीको रुपमा घोडामा चढायर हिडालिएको थियो। बाघ जात्रामा लाखे, कुमारी, तायाः माचा नृत्य लगायतको विभिन्न कला संस्कृति झल्कने भेषभुषा सहित प्रस्तुती गरिएको सचिव उलकले बताए।

एक सय बर्ष अघि देखि पोखरामा यस जात्रा मनाउदै आएको बताइन्छ। उहाँले भन्नु भयो"यो जात्राको सुरुआत मानिस र बाघको द्वन्द्वसँग जोडिएको छ, बाघको हैरानी र डरबाट मुक्ति भएको दिनको सम्झनामा जात्रा बनाइएको हो, अहिले यो नेपाली खासगरी नेवारी समुदायको मौलिक र महत्वपूर्ण जात्राको रुपमा स्थापित छ, यसलाई हामीले जात्राको पनि महाजात्राको रुपमा लिने गर्दछौं।" जात्रामा राजा, रानी, मन्त्री, जनता, घोडा सहित सेना, कुमारी, लाखे, बाँसुरी, तायाः मचा, लगायतका नेवारी समुदायमा प्रचलित जात्रा तथा संस्कृतिको प्रर्दशन भएको संस्कृतिकर्मी अष्टमान प्रधानाङ्गले बताए।

उक्त कार्यक्रम सम्पन्न गर्न करिब १२ लाख खर्च हुने समितिले दाबी गरेको छ। शनिबार बेलुका मात्र नेवारी समुदायको तायाः माचाः नृत्य प्रतियोगिता सम्पन्न भएको सोमबार देखि बाघ जात्रा पोखरामा संचालन भए पनि एकै साताभा अर्को ऐतिहासिक बाघ जात्रा भव्य रुपमा पोखरामा सम्पन्न भएको नेवा खलः कास्कीका अध्यक्ष असोक पालिखेले बताए।

## विश्वकै अग्लो उचाइमा रहेको मुस्ताङ गल्फ कोर्समा गल्फ प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २० भदौ



विश्वकै अग्लो उचाइमा रहेको मुस्ताङ गल्फ कोर्समा यही भदौ ३० गते गल्फ प्रतियोगिता हुने भएको छ। लोमाङथाङ गाउँपालिकाको आयोजनामा दोश्रो पटक उक्त प्रतियोगिता मुस्ताङ गल्फ कोर्समा हुन भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

समुन्द्र सतहबाट ४ हजार ६ सय ४५ मिटर (१५२३९.५ फिट) उचाइमा रहेको लोक्चाङमा मुस्ताङ गल्फ कोर्सको सफल परीक्षण समेत भैसकेकोले यसको थप प्रचार प्रसार र प्रतियोगितालाई निरन्तरता दिन यसपाली दोश्रो संस्करण गर्न लागिएको प्रतियोगिताका संयोजक इन्द्रधारा विष्टले बताउनु भयो। गत वर्षको पहिलो प्रतियोगिताले नै विश्वका गल्फ प्रेमीहरुको ध्यान उक्त कोर्षले खिचिसकेको उहाँले जनाउनु भयो। उक्त प्रतियोगिताले मुस्ताङ क्षेत्रको खेल पर्यटनको प्रचुर सम्भावना रहेको संयोजक विष्टले दाबी गर्नु भयो। एमेचर अर्न्तगत हुने उक्त प्रतियोगितामा पोखरा, धरान, बुटवल लगायत सहरका ४० जना खेलाडीहरु सहभागी हुने भएको प्रतियोगितामा ४ जना महिला खेलाडी सहभागि हुने भएको उहाँले बताउनु भयो। उक्त प्रतियोगिता ९ होलमा खेलाइने भएको छ भने बेष्ट प्रस पिनको सबैभन्दा लामो ड्राइभ र बडीलाजाई पनि पुरस्कार प्रदान गरिने भएको छ। प्रतियोगिताका विजेताहरुलाई ट्रफी, मेडल र प्रमाणपत्रको साथमा पुरस्कृत गरिने भएको संयोजक विष्टले बताउनु भयो। प्रतियोगितामा हाल इन वान गर्न सफल खेलाडीलाइ एक लाख भन्दा बढी मुल्य बराबरको घोडा उपहार प्रदान गरिने भएको विष्टले बताउनु भयो। गल्फ पर्यटकलाई आकर्षित गरी देशको पर्यटन उद्योगमा नयाँ आयाम थप्ने उद्धेश्यले उक्त प्रतियोगितालाई निरन्तर रुपमा आयोजना गर्न लागेको गण्डकी प्रदेश गल्फ संघ तदर्थ समितिका अध्यक्ष एवं पूर्व प्रदेश सांसद समेत रहनु भएका संयोजक विष्टले बताउनु भयो। आफुहरुले उक्त गल्फ कोर्ष विश्वकै उच्च स्थानमा रहेकोले त्यसको गिनिज बुक अफ दी वर्ल्ड रेकर्डमा समेत दर्ज गर्ने तयारीमा रहेको संयोजक विष्टले बताउनु भयो। उहाँले भन्नु भया "उक्त कोर्षले अब भारतको पूर्वी सिक्किमको कु-पुपमा रहेको ३ हजार ९ सय ७० मिटर याक गल्फ कोर्सको पूरानो कीर्तिमानलाई तोड्दै विश्वको सबैभन्दा उच्च उचाईमा रहेको गल्फ कोर्सको रुपमा मुस्ताङ गल्फ कोर्षले नयाँ विश्व रेकर्ड तोड्ने छ।"। यसवर्ष राष्ट्रिय खेलाडीमा सीमित उक्त प्रतियोगिता आगामी वर्षहरुमा विदेशी खेलाडीहरुको उल्लेखनिय सहभागिता हुने आयोजकले विश्वास लिएको छ। मुस्ताङ गल्फ कोर्षको वर्ल्ड रेकर्ड कायम गराउन र प्रतियोगितालाई विश्व स्तरमा प्रसार गर्न दोस्रो संस्करणको गल्फ प्रतियोगिता कोषेढुंगा सावित हुने व्यवसायीक गल्फर भुवन गुरुङले बताउनु भयो।

## भ्रष्टाचार विरोधी अभियानलाई विश्राम नदिइ अगाडि बढाउछौँ : उपप्रधानमन्त्री

रासस
चितवन, २० भदौ

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार विरोधी अभियानलाई विश्राम नदिइ अगाडि बढाउने बताउनुभएको छ। सामुदायिक रेडियो माडीको १३औं वार्षिकोत्सव समारोहलाई आज माडीमा सम्बोधन गर्दै उहाँले यस अभियानमा सम्झौता नगरी अगाडि बढ्ने बताउनुभयो।

"यो मेरो मात्रै नभइ सरकारको पनि सङ्कल्प हो। यस अभियानलाई विश्राम लिने छैनौँ", मन्त्री श्रेष्ठले भन्नुभयो। यस अभियानलाई देशका सबै बुद्धिजीवी, नागरिक समाजले साथ दिइरहेको भन्दै उहाँले सबैप्रति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा राष्ट्रिय चित्रकला प्रदर्शनी

पोखरापत्र संवाददाता
पोखरा, २० भदौ

दिगो शान्ति, पर्यटन र कला क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले नगेन आर्ट एकेडेमी नेपालले पोखरामा एकमहिने तेस्रो राष्ट्रिय चित्रकला प्रदर्शनी आयोजना गरेको छ।




देशभरका एक सय ४० जना चित्रकारद्वारा विभिन्न प्रकारका चित्र प्रदर्शनीमा राखिएको हो। उक्त प्रदर्शनीको बुधबार गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले उद्घाटन गर्नुभयो। उक्त अवसरमा मन्त्री थापाले विश्वशान्तिका पक्षमा कोरिएका यस्ता चित्रले ठूलो महत्व राख्ने बताउनुभयो। जसरी अरनीकोले चीनमा आफ्नो चित्रकलामार्फत नाम कमाउनुभयो त्यसरी नै नेपालका चित्रकारले पनि विश्वमा आफ्ना नाम कमाउनसक्ने बताउँदै उहाँले निरन्तरताको प्रयासबाट नै चित्रकारितामा निखरता आउने विश्वास व्यक्त गर्नुभयो।

देशमा सीपमूलक शिक्षा नभएकै कारण नेपाली युवा रोजगारीका लागि विदेश जानुपरेको उहाँले तर्क गर्नुभयो। मन्त्री थापाले दीगो पर्यटनका लागि आफूले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशी जहाजले उडान भर्ने प्रयत्न भइरहेको बताउनुभयो। आफ्नो मन्त्रालयअन्तर्गत निर्माण भएका वन ऐन पनि छिट्टै आउन लागेको भनाइ उहाँले जानकारी दिनुभयो। नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य बाबुराम गिरीले चित्रकै प्रभावले विभिन्न देशमा ठूलाठूला राजनीतिक परिवर्तन आएको बताउँदै एउटै चित्रबाट धेरै कुराको सन्देश दिन सकिने भएकाले संसारभरि चित्रकारिताको महत्व झनै बढ्दै गएको बताउनुभयो। एक महिनासम्म चल्ने चित्रकला प्रदर्शनीमा हजारौँको सङ्ख्याले अवलोकन गर्ने विश्वास लिइएको छ।

## देउवाको सभापतिको उम्मेदवार म बन्न सक्छु : कोइराला

रासस
चितवन २० भदौ

नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले आगामी महाधिवेशनमा पार्टी सभापति शेरबहादुर देउवाका तर्फबाट उहाँको समूहको सभापतिको उम्मेदवार आफू बन्न सक्ने बताउनु भएको छ।

भरतपुर विमानस्थलमा आज पत्रकारहरूसँग संक्षिप्त कुरा गर्दै कांग्रेस केन्द्रीय सदस्य कोइरालाले यस विषयमा टुङ्गो भने नलागिसके जानकारी दिनुभयो। विमानस्थलमा पत्रकारले पछिल्ला दिनमा पार्टी सभापति देउवाका तर्फबाट आगामी महाधिवेशनमा शशांक कोइराला उम्मेदवार बन्न सक्ने चर्चा चलिरहेको विषयमा प्रश्न गरेपछि उहाँले यो प्रतिक्रिया दिनुभएको हो। नेपाली काग्रेसको आगामी महाधिवेशनमा सभापति देउवाको समूहबाट उम्मेदवार तपाईं हुने सम्भावना कत्तिको छ ? भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "सम्भावना

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एन प्याक्सन कास्कीका निर्वाचित नयाँ समितिको पदस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

नेशनल प्याक्सन कास्कीको आठौं जिल्ला अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ।

निर्वाचन समितिका संयोजक तथा नेशनल प्याक्सनका केन्द्रीय उपाध्यक्ष याम खड्काले निर्वाचित नयाँ कार्यसमितिलाई पदस्थापन गरेका हुन् । आठौ जिल्ला अधिवेशनबाट अध्यक्षमा हेमन्त अधिकारी, उपाध्यक्षमा मनकाजी गुरुङ, सचिवमा प्रेमराज अधिकारी, कोषाध्यक्षमा राजु केसी, सदस्यहरुमा रमेशराज पौडेल, अर्जुनप्रसाद अधिकारी, ज्ञानेन्द्रबहादुर थापा, अर्जुन प्रसाद पाण्डे, राजु कायस्थ, तोलाकान्त न्यौपाने, शिवराज पौडेल, सञ्जय पौडेल र हरिराज अधिकारी निर्वाचित भएका थिए । पदस्थापन कार्यक्रममा निवर्तमान सचिव मनकाजी गुरुङले वर्तमान सचिव प्रेमराज अधिकारीलाई माइन्युट र निवर्तमान कोषाध्यक्ष रत्ना कुमारी गुरुङले बर्तमान कोषाध्यक्ष राजु कायस्थलाई चेक हस्तान्तरण गरेका थिए। कार्यक्रममा बोल्दै नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले सवैलाई समेटेर संस्थालाई मजवुद बनाएर लैजाने प्रतिवद्धता जनाए। 'निज विद्यालयलाई तहसनहत वनाउन सरकारले एक पछि अर्को गर्दै निति तथा विधेयक ल्याउने काम गरेको छ' उनले भने 'यस्तो अवस्थामा संगठनमा आवद्ध सवै एक जुट भएर हिड्नुको विकल्प छैन ।' एनप्याक्सनका केन्द्रीय सल्लाहकार ज्ञानेन्द्रमोहन भट्टराईले निर्वाचित नयाँ कार्यसमितिले संस्था गरिमा बढाउन तर्फ लाग्नु पर्ने बताए । एनप्याक्सनका गण्डकी प्रदेश अध्यक्ष रामबहादुर मोचीले अहिलेको संघिन घडिमा नयाँ कार्यसमिति आएको बताउदै आउने जस्ता सुकै समस्यालाई पार गर्न यो समिति लागि पर्नु पर्ने उल्लेख गरे। अध्यक्षका प्रत्यासी केशवशरण पौडेलले संस्थाले दिएको हरेक जिम्मेवारी पुरा गर्न आफु सधै प्रतिवद्ध रहेको बताए। निर्वाचन समितिका संयोजक एन प्याक्सनका केन्द्रीय उपाध्यक्ष याम खड्काको अध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन समिति सदस्य तथा एन प्याक्सनका केन्द्रीय सदस्य राम बहादुर थापाले कार्यक्रम सञ्चालन गरेका थिए।



# सुजल फुड्सको ल्यायो डिलाइट डेरी ह्वाइटनर

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

सुजल फुड्स प्रा.लि. ले नयाँ उत्पादन डिलाइट डेरी ह्वाइटनर बजारमा ल्याएको छ।

नेपालको अग्रणी कन्फेक्सनरी तथा खाद्य कम्पनी सुजल फुड्स प्रा. लि. लक्ष्मी ग्रुप अन्तर्गतको कम्पनी हो । सुजल फुड्सले दूध तथा दुग्ध पदार्थको बजारीकरण पनि सुरु गरेको छ।

देशको विभिन्न ठाउँहरुबाट संकलित दुधलाई उच्च कोटिको नविनतम प्रविधिबाट गुणस्तर मापन गरी अत्याधुनिक मेसिन प्रयोग गरीएको सत प्रतिशत अन्तराष्ट्रिय स्तरको स्वदेशी उत्पादन हो । सुजलले नेपाली बजारमा उपलब्ध डेरी ह्वाइटर मध्ये सबैभन्दा स्वादिष्ट र पौष्टिक डेरी ह्वाइटर को रूपमा स्थापित गर्ने तयारी गरेको जनाएको छ । गाई र भैँसीको दूधको प्राकृतिक तत्व र पोषिलो स्वादले भरिपूर्ण रहेकाले चिया, कफीका साथै अन्य दूधका परिकारहरूलाई अझै स्वादिष्ट बनाउन प्रयोग गर्न मिल्ने कम्पनीले जनाएको छ । अन्य को तुलनामा, यो बाक्लो हुनुका साथै यसको अत्याधुनिक 'अल्ट्रा ड्राईङ्ग स्प्रे प्रविधि'ले समान मिश्रण कायम गरी मन तातो पानीमा तुरुन्तै धुल्ने बताइएको छ।

सुजल फुड्स प्रा. लि ले देशको विभिन्न ठाउँहरु पूर्वमा विराटनगर, इटहरी, विरगञ्ज, जनकपुर पश्चिममा वुटवल, भैरहवा, तुल्सिपुर, नेपालगन्ज र सुदुरपश्चिममा धनगढी, सुर्खेत, महेन्द्रनगर आदि मुख्य सहरहरुमा लिाइट डेरी ह्वाइटर पुऱ्याईसकेको छ।




# कर्मचारी युनियनले स्थापना दिवसमा मानवसेवा आश्रममा खाद्यान्य सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

नेपाल निजामति कर्मचारी युनियनन कास्कीले युनियनको स्थापना दिवसको अवसरमा फलफुल तथा खाद्यान्य वितरण गरेको छ।

कास्कीले मंगलबार एक कार्यक्रम बीच पोखरा २५ हेमजा रहेको मानव सेवा आश्रममा फलफुल तथा खाद्यान्य सामाग्री वितरण गरेको हो । कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश सदस्य प्रकाश बराल, नेपाली काँग्रेस कास्कीका सहसचवि नविन सिग्देल, नेपाल निजामति कर्मचारी युनियन कास्कीका अध्यक्ष सुरेश कुमार श्रेष्ठले मानवसेवा आश्रम हेमजाकी कार्यालय सचिव सञ्जु मोक्तानलाई उक्त सामाग्री हस्तान्तरण गरेका हुन् । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका प्रदेश सदस्य प्रकाश बरालले सकारात्मक र समपर्तित सोचका साथ युनियनले काम गरेको बताए। नेपाली काँग्रेस कास्कीका सहसचिव नविन सिग्दलेलले जनसेवासँगै मानव सेवामा जोडिने काम गरेकोमा प्रशंशा व्यक्त गरे । मानवसेवा आश्रम हेमजाकी कार्यलय सचिव सञ्जु मोक्तानले सवैको सहयोगबाट नै आश्रम सञ्चालन भएको बताउदै यनियनले गरेको सहयोग प्रति धन्यवाद व्यक्त गरिन्। नेपाल निजामति कर्मचारी युनियनको संयोजनमा निजामति सेवा दिवसको अवसरमा भदौ २२ गते विहान खुल्ला रक्तदान तथा निशुल्क स्वास्थ्य शिविर र दिउसो तिजको अवसरमा शुभकामना आदान प्रदान तथा दर खुवाउने कार्यक्रम गर्ने भएको । नेपाल निजामति कर्मचारी युननियन कास्कीका अध्यक्ष सुरेश कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कार्यक्रम संयोजक लक्ष्मी भद्र वाग्लेले स्वागत र सहसचिव जीवननाथ शर्मा मरासिनिले कार्यक्रम सञ्चालन गरेका थिए।



# मालेपाटनमा भदौ २९ गतेदेखि तिज गित र महिला खेलकुद प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा ५ मालेपाटनमा रहेको सुर्यचन्द्र विकास समाजले यस वर्षपनि तिज विशेष कार्यक्रम गर्ने भएको छ। समाजले आउँदै गरेको हरितालिका तिजका अवसरमा भाद्र २९ गतेदेखि असोज १ गतेसम्म तिज गित प्रतियोगिता र महिला खेलकुद प्रतियोगिता आयोजना गर्न लागेको बुधबारआयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

तिज विशेष कार्यक्रम अन्तरगत खुला तिज गीत प्रतियोगिता, महिलाहरुको खेल कार्यक्रम लठ्ठो तान्ने, घैटो फुटाउने, म्युजिकल चियर र अन्तर माविस्तरिय छात्रा बास्केटबल प्रतियोगिता हुने आयोजकले जनाएको छ । आयोजकका अनुसार तिज गीत प्रतियोगितामा कास्की जिल्ला भित्रका १८ टिम बिच प्रतिस्पर्धा हुनेछ । जसमा प्रथम हुने टिमले ४० हजार रुपैयाँ, दोस्रो हुनेले ३० हजार रुपैयाँ, तेस्रो हुनेले २० हजार र सान्त्वना हुने टिमले ७ हजार रुपैयाँ प्राप्त गर्नेछन् । साथै उत्कृष्ट भेषभुषा र उत्कृष्ट नृत्य विधामा पनि पुरस्कार राखिएको आयोजकले जानकारी दिएको छ।

तिज गीत प्रतियोगिताका लागि जम्मा १८ टिम दर्ता गरिने र भाद्र २५ गतेसम्म दर्ता गरिसक्नुपर्ने खेदकुद संयोजक विमल श्रेष्ठले जानकारी दिए । उनका अनुसार खेलकुदको माविस्तरिय छात्रा बास्केटबलतर्फ प्रथम हुने टिमलाई नगद रु ३० हजार, दोस्रो हुने टिमलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ । तीज संस्कृतिको जगेर्ना गर्दै महिला दिदिबहिनीहरुको क्षमता अभिवृद्धि गराउनुका साथै खेल क्षेत्रमा प्रतिभा जन्माउन खेलकुदका कार्यक्रम पनि आयोजना गरिएको सुर्य चन्द्र विकास समाजकी अध्यक्ष कमला गौतमले जानकारी दिइन्।

तिज विशेष कार्यक्रमको अनुमानित खर्च ६ लाख ८० हजार रहेको र विभिन्न संघसंस्था, सामाजिक व्यक्तित्व, आमा समूह, युवा क्लब, टोलविकासहरुको सहयोगबाट कार्यक्रम सम्पन्न गरिने अध्यक्ष गौतमले बताइन् । उनका अनुसार कार्यक्रममा स्रस्टाहरुलाई सम्मान समेत गरिनेछ। २०५१ सालदेखि निरन्तर सक्रिय समाजले गर्ने उक्त तिज विशेष कार्यक्रम पोखरा ५मा रहेको मालेपाटन खेल मैदानमा हुनेछ।



# देउवाको ...

छ, किन छैन ? नहुने भन्ने के छ ?"

पार्टीका साथीहरूसँग सल्लाह गरेर मात्रै सभापतिको उम्मेदवारीको विषयमा निर्णय लिने उहाँको भनाइ थियो। तर यस विषयमा आफूलाई सभापति देउवाले भने केही नभन्नुभएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो "सभापतिजीले केही नभनेको भए पनि पार्टीका साथीहरूको विचार यही नै हुन सक्छ। पूर्वदेखि पश्चिमसम्म साथीहरूसँग भेटघाट गरौँ, उहाँहरूको विचार सुनौँ, अनि मात्रै निर्णय गर्छु।"

# भ्रष्टाचार ...

आभार व्यक्त गर्नुभयो । भ्रष्टाचार विरोधी कतिपय कदम चाल्दा अप्ठ्याराले आफूहरूलाई समस्या पारेको भन्दै उहाँले भन्नुभयो, "हाम्रो मिसन र ध्ययमा हामी सम्झौता गर्ने छैनौँ।"

'सरकार तथा गृहमन्त्री दृढताका साथ टिक्छन् त?' भन्ने चिन्ता र चासो आम जनसमुदायमा रहेको आफूले अनुभूति गरेको भन्दै मन्त्री श्रेष्ठले यस बीचमा भएका कतिपय घटनाक्रमले जनसमुदायमा चासो बढाउनु स्वभाविक भए पनि सरकार भ्रष्टाचार विरोधी अभियानमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यो सरकार भ्रष्टाचार, तस्करी, कालोबजारी, दण्डहिनता, ठगीको विरुद्धमा उभिएको छ । यस अभियानलाई निरन्तरता दिनेछौँ।" सरकारी जग्गा, सुन तस्करी र शरणार्थी प्रकरणका अपराधी तथा तस्करलाई कानुनको कठघरामा उभ्याएरै छोड्ने गृहमन्त्री श्रेष्ठले दृढता व्यक्त गर्नुभयो । यी काम सजिलो नभएको भन्दै उहाँले भन्नुभयो, "सजिलो बाटो होइन भनेर तै चुप मै चुप भएर यथास्थितिकै सामु लम्पसार पर्ने काम यो सरकार र गृहमन्त्रीबाट हुनसक्दैन।" उहाँले भ्रष्टाचार विरोधी अभियान अझ प्रभावकारी बनाउने जनाउँदै यस्तै अन्य घटनाको खोजी गरी छानबिन गर्ने बताउनुभयो । देशमा ठूलो राजनीतिक परिवर्तन भएको भन्दै गृहमन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनलाई परिवर्तनमा मात्रै सीमित नबनाएर यसलाई माध्यम र साधन बनाएर सामाजिक, आर्थिक रुपान्तरण गर्ने चाहना रहेको बताउनुभयो। उहाँले भन्नुभयो "क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने सन्दर्भमा होस् वा नेपालमा लोकतन्त्र स्थापना गर्ने सन्दर्भमा होस् सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेलेका छन्।"

# कक्षा १२ को पुरक परीक्षाको समय तालिका परिवर्तन

**रासस**
काठमाडौं, २० भदौं


नेपाल सरकार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११/१२ ) ले कक्षा १२ को ग्रेडवृद्धि (पुरक) परीक्षाको समय तालिका विशेष कारणले परिवर्तन भएको जनाएको छ।

कार्यालयले बुधबार एक सूचना जारी गरी राष्ट्रिय परीक्षा बोर्डले आउँदो असोज ६ गते शनिबार र ७ गते आइतबार सञ्चालन हुने भनिएको कक्षा १२ को ग्रेडवृद्धि (पुरक) परीक्षा असोज ९ गते मङ्गलबार र १० गते बुधबार हुने जनाएको हो । परीक्षा बिहान ११ बजेदेखि २ बजेसम्म सञ्चालन हुने उक्त सूचनामा जनाएको छ।

विसं २०८० को कक्षा १२ को ग्रेडवृद्धि परीक्षामा सहभागी हुनका लागि यही भदौ २२ गतेभित्र बोर्डको खातामा परीक्षा शुल्क बापतप्रति विद्यार्थी रु ६०० का दरले हुन आउने रकम बुझाइसक्नुपर्ने जनाइएको छ।

यसैगरी उक्त अवधिभित्र रकम जम्मा गर्न छुट भएका विद्यार्थीका लागि यही भदौ २९ गते विलम्ब शुल्क सहितको रकमप्रति विद्यार्थी रु एक हजार दुई सय बुझाइ सम्बन्धित विद्यालयमार्फत भदौ ३१ गते कार्यालय समयभित्र बोर्डका सम्बन्धित कार्यालयमा रकम जम्मा गरेको भौचरसहित आवेदन फाराम बुझाइसक्नुपर्ने समेत उक्त सूचनामा उल्लेख गरिएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# राजधानीको सुरक्षा स्थिति कमजोर

देशको राजधानीमा दिउँसै सत्ताको प्रमुख साझेदार नेपाली काँग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार भएको छ । बुधबार दिउँसो काठमाडौंको भृकुटीमण्डपमा सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । काङ्ग्रेस सहमहामन्त्री यादव माथि भएको सांघातिक आक्रमणपछि नेपाल विद्यार्थी संघले गृहमन्त्री नारायण काजी श्रेष्ठको राजिनामा माग गरेको छाकाङ्ग्रेसले पनि विज्ञप्ति निकालेर सहमहामन्त्री यादवमाथि भएको सांघातिक आक्रमणको भर्त्सना गरेको छाआक्रमणकारीलाई तत्काल कार्वाही गर्न माग पनि गरेको छाकाङ्ग्रेसको अग्रसरतामा बनेको गठबन्धन सरकारको सुरक्षा व्यवस्था कस्तो छ भन्ने सत्तारुढ दलका नेतामाथि दिन दहाडै भएको सांघातिक आक्रमणले स्पष्ट पारेको छानेपाली उखान जस्ले धेरै बोल्छ उस्ले केही गर्दैन भन्ने घटनाक्रमले पुष्टि गरेको छ ।

प्रहरीले नुवाकोट घर भएका र काठमाडौंको बालाजुमा बस्ने श्यामबाबु सापकोटालाई पक्राउ गरेको छाउनी यसभन्दा अघि आपराधिक कार्यमा संलग्न भएको खुलेको छ । श्यामबाबुलाई प्रहरी वृत्त सिंहदरबारमा राखिएको छ उनीमाथि अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । प्रहरीले उनको आपराधिक पृष्ठभूमि पनि केलाएको छ । त्यसबाट उनी पहिले पनि दुईपटक पक्राउ परिसकेको खुलेको छ । श्यामबाबु २०७८ सालमा दुईपटक पक्राउ परेका थिए। प्रहरी वृत्त बानेश्वर र प्रहरी वृत्त सोह्रखुट्टेबाट अभद्र व्यवहारको मुद्दा चलेको खुलेको छ ।

पहिलोपटक बानेश्वरमा सरकारी कर्मचारीमाथि कालोमोसो दलेको आरोपमा उनीमाथि अभद्र व्यवहारको कसुरमा मुद्दा चलेको थियो । त्यस्तै दोस्रोपटक प्रहरीसँग दुर्व्यवहार गरेको आरोपमा प्रहरी वृत्त सोह्रखुट्टेले पक्राउ गरी अभद्र व्यवहारको मुद्दा चलाएको थियो । अहिले तेस्रोपटक भने श्यामबाबु गम्भीर कसुरको मुद्दामा पक्राउ परेका छन् । प्रहरीले उनको घरमा खानतलासी लिएको छ । उनीबारे थप कुरा थाहा पाउन प्रहरीले फोन पनि बरामद गरी अनुसन्धान गरिरहेको छ । उनले आफू हिन्दु राष्ट्र पक्षधर र राजावादी भनेर चिनाएका छन् । उनले नेता यादवमाथि खुकुरी प्रहार गर्नुको कारण भने खुलिसकेको छैन । काङ्ग्रेस सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गरेपछि श्यामबाबुले 'एमसिसी खारेज गर, राष्ट्रियता जिन्दावाद, हिन्दु राष्ट्र कायम गर' जस्ता नारा लगाएका थिए ।

साथै उनले 'मानव तस्करलाई प्रधानमन्त्री बनाउन खोज्ने?' भन्दै प्रश्नसमेत गरेका थिए । श्यामबाबुको साथबाट प्रहरीले खुकुरी पनि बरामद गरेको छ। बुधबार सार्वजनिक बिदा भएकाले प्रहरीले उनीमाथि बिहीबार काठमाडौं जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान गर्ने तयारी गरेको छा प्रहरीले उनीमाथि ज्यान मार्ने उद्योग कसुरमा म्याद थप्ने तयारी गरेको छ । नेता यादव रिपोर्टर्स क्लबमा साक्षात्कार कार्यक्रममा सहभागी भएका थिए । यादवले करिब १७ मिनेट भाषण गरिरहँदा श्यामबाबु पनि त्यहाँ कुर्सीमा बसेर सुनिरहेका थिए । यादवले चिनियाँ राजदूत छन सोङले नेपाल-भारत व्यापारका विषयमा दिएको पछिल्लो अभिव्यक्तिमा आपत्ति जनाएका थिए। राजदूत सोङलाई नेपाल सरकारले तत्काल स्पष्टीकरण सोध्नुपर्ने उनले बताएका थिए।

चीनले हालै जारी गरेको नक्सामा नेपालको भू-भाग लिम्पियाधुरा, लिपुलेक र कालापानीसमेत नसमेटेकोमा पनि उनले आपत्ति जनाए। 'चीनले हाम्रो चुच्चे नक्सालाई किन नक्सामा देखाएन?,' उनको प्रश्न थियो । सहमहामन्त्री यादवले बोलेको अर्को विषय थियो- नक्कली भुटानी शरणार्थी प्रकरण । यो प्रकरणमा जेलमा रहेका कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाण निर्दोष रहेको उनको दाबी थियो । तर सरकारले आफ्ना मानिस बचाउने र अर्को पार्टीका नेतालाई फसाउने काम गरेको दाबी उनले गरेका थिए । उनले गठबन्धन सरकारबारे पनि केही बोले। यही गठबन्धनले पाँच वर्ष सरकार चलाउने उनको भनाइ थियो। तर प्रधानमन्त्री भने परिवर्तन हुने उनले बताएका थिए ।

अहिले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री रहेको, यसपछि नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री हुने र त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति रहेको उनले सुनाएका थिए। सत्तारुढ दलको सहमहामन्त्री सहभागी कार्यक्रममा खुकुरी बोकेर पुग्दा पनि सुरक्षा संयन्त्रले थाहा नपाएको भन्दै कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा भन्छन्, 'यो घटनाले हाम्रो सुरक्षा संयन्त्र कति कमजोर रहेछ भन्ने त देखियो नि ।' कांग्रेस पार्टी कार्यालयका मुख्यसचिव कृष्ण पौडेलले जारी गरेको विज्ञप्तिमा आक्रमण गर्ने व्यक्ति र पछिल्तिर हुनसक्ने व्यक्ति वा समूहमाथि गम्भीर अनुसन्धान गरी कडा कारबाही गर्न माग गरिएको छ । कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ र तरुण दलले त गृहमन्त्रीको राजीनामा नै मागेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : क्षमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक क्षमेला | धनु | : मन चञ्चल |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पूजा आराधना गरेर मनाइयो श्रीकृष्ण जन्माष्टमी पर्व

रासस
काठमाडौं, १ साउन

प्रत्येक वर्ष भाद्र कृष्ण अष्टमीका दिन मनाइने 'श्रीकृष्ण जन्माष्टमी' पर्व बुधबार वैदिक सनातन धर्मावलम्बीले देशभर भगवान् श्रीकृष्णको विधिअनुसार पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाएका छन् ।

श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा देशभरका कृष्ण मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ । यस दिन देशभरका कृष्ण मन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेषगरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम रहने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा वासुदेव र देवकीको पुत्रका रूपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्नुभएको पौराणिक मान्यता छ । जन्माष्टमीका दिन पाटनको मङ्गलबजारस्थित प्रसिद्ध कृष्ण मन्दिरमा ठूलो मेला लागेको छ । प्राचीनकालदेखि नै पाटनको कृष्ण मन्दिरमा भक्तजनको ठूलो उपस्थिति रहने गर्छ । यसैगरी राजधानीको उत्तर पूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित गोठाटारमा रहेको नवतनधाममा पनि भक्तजनको भीड लागेको छ । उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको श्रीकृष्ण भावनामृत सङ्घको कार्यालय परिसरमा रहेको कृष्ण मन्दिरमा पनि भक्तजनको भीड लागेको छ ।

यसै उपलक्ष्यमा काठमाडौँका विभिन्न धार्मिक सङ्घसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । शोभायात्रा तथा रथयात्रा भने भाद्र कृष्ण नवमीको राति निकाल्ने गरिन्छ । अष्टमीको मध्यरातमा भगवान् श्रीकृष्णको जन्म भएको खुसियालीमा नवमीका दिन रथयात्रा निकाल्ने गरिएको हो ।

कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयं श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद् भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ । बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाउनुभएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गर्नुभएको महाभारतलगायत शास्त्रीय र पौराणिक ग्रन्थमा उल्लेख छ ।

धर्म स्थापनाका लागि युग युगमा जन्म लिन्छु भनी कुरुक्षेत्रमा अर्जुनलाई सत्यको पक्षमा लाग्नेको रक्षा र असत्यका पक्षमा लाग्नेको संहार गर्न अवतार लिने गरेको प्रसङ्ग पनि विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ । घरघरमा बालबालिकालाई श्रीकृष्णको स्वरूपमा सिँगार्ने प्रचलन पनि नेपाली समुदायमा बढ्न थालेको छ ।

विद्यालयले पनि बालबालिकालाई श्रीकृष्ण र राधाका रूपमा सिँगारेर यो सांस्कृतिक पर्व मनाउँछन् । आज दिनभर व्रत गरेका भक्तजन राति भने जाग्राम बसेर श्रीकृष्णको स्वागत गर्छन् । यस अवसरमा बुधबार सरकारले देशभर सार्वजनिक बिदा पनि दिएको थियो ।

# खेलाडी बन्ने चाहना छ, खेलमैदान छैनन्

रासस
बागलुङ, २० साउन

भौगोलिक विकटता र पर्याप्त खेलमैदान नहुँदा यहाँका खेलाडीले दैनिक प्रशिक्षण लिनबाट वञ्चित भइरहेका छन् । भलिबल, तेक्वान्दो, कराते, फुटबल लगायतका खेलकुद जिल्लामा खेलिने गर्छ ।

असारदेखि जिल्लाको ग्रामीण क्षेत्रमा खेलकुदका गतिविधि निकै कम भएका छन् । कारण हो खेलमैदान अभाव । दैनिक खेल्ने खेलाडीहरू यो समय घर तथा बारीको कामधन्दामा व्यस्त हुन्छन् । सधैं खेलेर क्षमता अभिवृद्धि गर्नुपर्ने खेलाडी खेल्ने स्थानको अभावका कारण पछाडि पर्नु परेको छ । बर्खा सकिएपछि जिल्लाका धेरै ठाउँमा धमाधम खेलकुद प्रतियोगिताहरू हुने गर्छन् । बागलुङका अधिकांश ठाउँमा उपयुक्त खेलमैदान छैन । केही ठाउँमा भए पनि निकै साँघुरा र अप्ठ्यारा छन् । त्यस्ता खेलमैदानले दुर्घटना जोखिम बढाएका छन् ।

बालबालिका र युवाहरूको खेलाडी बन्ने चाहना हुँदा हुँदै पनि उपयुक्त खेलमैदान नहुँदा पछाडि पर्नु परेको धेरैको गुनासो छ । हाल जिल्लामा दर्जनौं स्थानमा तेक्वान्दो तथा कराते खेल खेलिँदै आएको छ । अधिकांश ठाउँका खेल प्रशिक्षकहरूले विद्यालयका प्राङ्गणमा प्रशिक्षण दिँदै आएका छन् । केही स्थानमा मात्रै कभर्ड हल तथा खेलमैदानमा खेल प्रशिक्षण हुने गर्छ । कराते र तेक्वान्दोबाहेक अन्य खेलको प्रशिक्षकसमेत हुँदैनन् । निसीखोला गाउँपालिका-४ मा तेक्वान्दो प्रशिक्षण दिँदै आउनुभएका सुरजन बुढा मगरले खेल्ने ठाउँ अभावका कारण जोखिमपूर्ण मैदानमा खेलाडीलाई प्रशिक्षण दिनु परेको गुनासो गर्नुभयो ।

उहाँले विद्यालयमा सधैं खेल प्रशिक्षण गर्न समस्या हुने भन्दै त्यहाँ पनि उपयुक्त खेलमैदान नभएको बताउनुभयो । विद्यालयहरूको मेलमैदानमा छरिएका ढुङ्गा तथा कङ्क्रिटले खेल्दा खेलाडीहरूलाई चोटपटक लाग्ने र घाइते हुने गरेको उहाँको भनाइ छ । खेलमैदानको अभावमा खेलाडीले खुल्ला रूपमा क्षमता प्रदर्शन गर्न नसक्ने प्रशिक्षक उहाँ बताउनुहुन्छ । प्रशिक्षक बुढा मगर भन्नुहुन्छ, "गाउँमा साँघुरो ठाउँ हुन्छ, सिकाउनका लागि पर्याप्त ठाउँ चाहिन्छ, तर पनि खेलाडीको चाहना धेरै भएको हुँदा साँघुरै ठाउँमा पनि खेलाउनुपर्ने बाध्यता छ, तेक्वान्दो खेल खेलाडीसँगै खेलेर सिकाउनुपर्ने हुन्छ, यो खेलप्रति पछिल्लो समय धेरैको आकर्षण बढेको छ, भूगोल पनि यस्तै छ, खेलमैदानका लागि ठाउँ त छ तर, मैदान बनाउन सक्ने अवस्था हाम्रो हुँदैन, सरकारले गराइदिए, धेरै खेलाडी उत्पादन हुने थिए ।"

खेल खेल्ने पर्याप्त वातावरण नहुँदा कतिले खेल क्षेत्रबाट पनि हात धुनु परेको छ । त कति विदेसिनु परेको छ । गाउँका खेत तथा साँघुरो बारीमा खेल्दै हुर्किएका दर्जनौं खेलाडी अहिले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका खेल खेलिरहेका छन् । उनीहरूले आफ्नो पहिचानलाई थप उचो बनाएका छन् भने राष्ट्रकै शान बनेका छन् । क्रिकेटर करण केसी, भलिबल खेलाडी रवि केसी, दिल सुनार, सुनिल घर्ती, दुर्गाबहादुर सुनार, सोफ्या पुनलगायत दर्जनौं खेलाडीले राष्ट्रिय स्तरमा चर्चित छन् ।



श्रीकृष्ण अष्टमी पर्वको अवसरमा पोखरामा निकालिएको झाँकी सहितको ऱ्यालीको । तष्विरः डि.एन.बी.

# धान, मकै र गहुँको उत्पादकत्व वृद्धि

पोखरापत्र संवाददाता
दमौली, २० भदौ

गण्डकी प्रदेशमा मुख्य खाद्यान्न बाली मानिएका धान, मकै र गहुँको उत्पादकत्व वृद्धि भएको छ । प्रदेशको भूमि व्यवस्था तथा कृषि मन्त्रालयका अनुसार आव २०७८/७९ मा धानमा तीन दशमलव ४३, मकैमा दश दशमलव २२ र गहुँमा सात दशमलव ९२ प्रतिशतले उत्पादकत्व बढेको हो ।

आव २०७७/७८ मा प्रतिहेक्टर ३.५ मेट्रिक टन धान उत्पादन भएकामा आव २०७८/७९ मा बढेर ३.६२ मेट्रिक टन पुगेको हो । आव २०७७/७८ मा प्रतिहेक्टर २.७४ मेट्रिक टन मकै उत्पादन भएकामा पछिल्लो वर्ष ३.२ मेट्रिक टन उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

पछिल्ला दुई आवमा गहुँको उत्पादकत्व पनि बढेर प्रतिहेक्टरमा २.४ बाट २.५९ मेट्रिक टन पुगेको प्रदेश कृषि विकास निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी मकैको उत्पादकत्व वृद्धि भएको पाइएको छ । मुख्य खाद्यान्न बालीको उत्पादकत्व प्रतिहेक्टर ३.८ मेट्रिक टन पुऱ्याउने प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको लक्ष्य रहेको रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार आवधिक योजनाको अन्तिम वर्षमा आइपुग्दा धानमा मात्र उत्पादकत्व लक्ष्यभन्दा केही बढी पुगेको छ । नेपालको १५औं योजनाले भने धानमा प्रतिहेक्टर ४.५, मकैमा ४ र गहुँमा ३.५ मेट्रिक टन उत्पादनको लक्ष्य तोकेको छ । गण्डकीमा खाद्यान्न बालीको उत्पादकत्व वृद्धिमा लक्ष्य उन्मुख रहेको रेग्मीले बताउनुभयो । "उन्नत जात, बिउबीजन, मलको उपलब्धता, प्रविधिक सहजतालगायत कारणले उत्पादकत्व वृद्धिमा मद्दत पुऱ्याइरहेको हुन्छ", उहाँले भन्नुभयो, "किसानलाई सीप र स्रोतसाधन दिन सकियो भने खेतीको उत्पादकत्व बर्सेनि बढ्दै जान्छ । कृषिमा प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्छ ।" पोखरा महानगरपालिकाकाकृषिमहाशाखा प्रमुख मनोहर कडरियाले मौसम, अन्नबालीमा लाग्ने रोगव्याधि आदि कारणले पनि उत्पादकत्वमा असर गर्ने बताउनुभयो । "उत्पादकत्वप्रति एकाइ क्षेत्रफलमा मापन हुन्छ, उत्पादत्वक वृद्धि भए पनि समग्र उत्पादन घट्न पनि सक्छ", उहाँले भन्नुभयो, "कृषिको उत्पादकत्व बढाउनमा किसानको मुख्य हात हुन्छ, त्यसमा राज्यले सघाउनुपर्छ ।" किसानलाई समयमै मल, बिउबीजन उपलब्ध गराउने, तालिमका साथै सीप र प्रविधि पनि हस्तान्तरण गर्नुपर्ने प्रमुख कडरियाले धारणा राख्नुभयो । खेतीयोग्य जमिनमा जथाभावी घरघडेरी बनाउने प्रवृत्तिलाई रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो । "खेती गर्ने जग्गा खुम्चँदै गएको छ, कतै जग्गा बाँझा छन्", उहाँले भन्नुभयो, "उत्पादकत्व र उत्पादन नबढाएसम्म कृषिको व्यवसायीकरण सम्भव छैन ।"

मन्त्रालयको आँकडा अनुसार आलु र तरकारी खेतीमा पनि उत्पादकत्व वृद्धि भएको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०७७/७८ मा प्रतिहेक्टर १५.५ मेट्रिक टन आलु फलेकोमा पछिल्लो वर्ष बढेर १६.८१ मेट्रिक टन पुगेको छ । जुन अघिल्लो वर्षको तुलनमा आठ दशमलव ४५ प्रतिशतले बढी हो । तरकारीमा पनि पछिल्ला दुई वर्षमा १५ दशमलव ८२ प्रतिशतले उत्पादकत्व वृद्धि भएको मन्त्रालयले जनाएको छ । आव २०७७/७८ मा प्रतिहेक्टर ११ मेट्रिक टन तरकारी उत्पादन भएकामा आव २०७८/७९ मा १२.७४ मेट्रिक टन उत्पादन भएको थियो । आलु र तरकारीको उत्पादकत्व वृद्धिले पनि प्रदेशको पञ्चवर्षीय योजनाको लक्ष्यलाई पछ्याइरहेको देखिन्छ । सो योजनामा आलुको उत्पादकत्व प्रतिहेक्टर १९.९ र तरकारीको १५ मेट्रिक टन पुऱ्याइने उल्लेख छ । नेपालको १५औं योजनाले पनि आलुमा प्रतिहेक्टर १९.१ मेट्रिक टनको लक्ष्य तोकेको छ । उत्पादकत्व बढे पनि खाद्यान्न बालीको उत्पादन भने घट्दै गएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार खेतीको क्षेत्रफल घट्दै जाँदा उत्पादन घटेको हो ।

# बागलुङमा भदौरे नाचको रौनक

पोखरापत्र संवाददाता
दमौली, २० भदौ

बागलुङ बजारमा अहिले भदौरे नाचको रौनकता छाएको छ । यहाँको पुरानो नाचमध्येका विभिन्न नाचहरू दैनिकजसो प्रदर्शन भइरहँदा बजार क्षेत्र अहिले गुञ्जायमान भइरहेको छ ।

लोपोन्मुख अवस्थामा रहेका नाच पछिल्लो समय बागलुङका नेवार समुदायले संरक्षित गर्दै आएका छन् ।

विसं १८४३ अघि नै बागलुङमा व्यापारको सिलसिलामा नेवार समुदाय आएर बसोबास गरेको लिखित दस्तावेजका आधारमा उक्त नाच नेवार समुदायअन्तर्गत पर्ने स्थानीय काजी गाउँले श्रेष्ठले बताउनुभयो । उहाँले उक्त नाच दुई सय ३७ वर्ष पुरानो हुनसक्ने बताउनुभयो । श्रेष्ठले बागलुङमा भदौरे नाचअन्तर्गत पर्ने अन्य केही नाचहरू भने खर्चिला भएकाले देखाउन छोडिएको बताउँदै अहिले थेतर, कटुवाल, रोपाइँ, जोगी, घोडा, होवालगायतका नाचहरू प्रदर्शन भइरहेको जानकारी दिनुभयो । "शिखारी र नाग नागिनी नाच बढी खर्चिलो भएकाले देखाउन छोडिएको छ, अन्य केही भदौरे नाचहरू संरक्षित छन्", उहाँले भन्नुभयो, "नेवार जातिका कला संस्कृतिअन्तर्गतका धेरै नाचहरू आर्थिक हिसाबले खर्चिला छन् । जुन बचाउनै गाह्रो छ ।" अहिले भदौरे नाचको अवसरमा देखाइएका नाचका कारण बजार क्षेत्रमा रौनकता छाएको जनाउँदै श्रेष्ठले नेवार जातिको पुरानो हनुमान नाच खर्च अभावका कारण पाँच वर्षमा एक मात्र देखाइने गरिएको जानकारी दिनुभयो । पछिल्लो समय युवाहरूले चासो देखिएका कारण लोप हुन थालेका कतिपय नाच पुन देखाउन थालिएको उहाँको भनाइ थियो ।

नेवार समुदायले अहिले देखाइरहेका भदौरे नाचहरू अन्य जातजातिलेसमेत रोचक मानेर हेर्ने गरेका छन् । यस नाचलाई बर्खे नाच पनि भन्ने गरिएको स्थानीयवासी मञ्जुल शाक्यले बताउनुभयो । भदौरे नाच हेर्दा रमाइलो लाग्ने पनि निकै खर्चिलो हुने गरेको भन्दै यसको संरक्षणमा थप चुनौती थपिएको उहाँले बताउनुभयो । यहाँ लोप हुन लागेका नाच संरक्षणका लागि शाक्य समाजले लामो समयदेखि सक्रियता देखाउँदै आएको शाक्यले बताउनुभयो । उहाँले पछिल्लो समयमा भदौरेअन्तर्गतका नाचहरू संरक्षणमा युवाहरूले समेत चासो देखाउन थालेकाले केही सहज भएको बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय नेवा ल्याम्ह पुचःले समेत नाच संरक्षणमा तदारुकता देखाएको छ । "नेवारभित्र पनि विभिन्न कला तथा संस्कृति फरकफरक पाइन्छन् । लामो समयदेखि बागलुङमा शाक्य कल्याण समाजले जोगी, रोपाइँ र लाखे नाच संरक्षण गर्दै आएको छ", शाक्यले भन्नुभयो, "सबै नेवार समुदायले भदौरे नाचलाई पनि संरक्षण गर्नुपर्छ भनेर एकजुट भएका छन् ।"

उहाँका अनुसार गाईजात्राको दिन निकै खर्चिलो मानिएको बास्सा नाच सामूहिक रूपमा देखाइएको थियो । परिवारका सदस्य मृत्यु भएको वर्षमा बास्सा नाच देखाउने भए पनि आर्थिक हैसियत हुनेले मात्रै उक्त नाच देखाउने गरेका शाक्यको भनाइ थियो । भदौरे नाचअन्तर्गत लाखे नपर्ने भए पनि बर्खे वरपरमा लाखे नाच प्रदर्शन भइरहेको अगुवा नेवार समुदायले बताउँदै आएका छन् । बागलुङको नेवार समुदायले संरक्षण गर्दै आएको हनुमान नाच भने नेपालमा नै लोप हुन थालेको छ ।

# विपद्‌बाट पाँच वर्षमा तनहुँमा ४२ जनाको मृत्यु २९ करोड भौतिक क्षति

**पोखरापत्र संवाददाता**
दमौली, २० भदौं

विपद्‌बाट तनहुँ जिल्लामा पाँच वर्षको अवधिमा ४२ जनाले ज्यान गुमाएका छन् । जिल्ला प्रशासन कार्यालयले तयार गरेको विपद् प्रतिकार्य योजना बमोजिम आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० सम्म पहिरो, बाढी, आगलागी, चट्याङलगायत विपद्का घटनाबाट यहाँका ४२ जनाले ज्यान गुमाएका हुन् ।

आव ०७५/७६ मा तीन, ०७६/७७ मा १२, ०७७/७८ मा १०, ०७८/७९ मा दुई र आव २०७९/८० मा १५ जनाले ज्यान गुमाएको सहायक प्रमुख जिल्ला अधिकारी काशिराम गैह्रेले जानकारी दिनुभयो । सोही अवधिमा ६३ जना घाइते भएका थिए । जिल्लामा बाढीपहिरो, आगलागी र चट्याङको जोखिममा रहेकाले बर्सेनि विपद्का घटनाबाट सर्वसाधारणले ज्यान गुमाउने गरेका छन् । सो अवधिमा विपद्का घटनाबाट रु २९ करोड ५७ लाख ६८ हजार एक सय भौतिक क्षति भएको छ । घर, गोठ, विद्यालय भवनलगायत संरचना नष्ट हुँदा उक्त क्षति भएको हो ।

विपद् व्यवस्थापन समितिका अनुसार आव ०७५/७६ मा २४ घर, सात गोठ, अन्य चार संरचनामा क्षति पुग्दा रु ९९ लाख क्षति भएको छ । आव ०७६/७७ मा एक सय ३४ घर, ३८ गोठ, २० अन्य र एक विद्यालयमा क्षति पुग्दा रु एक करोड ७४ लाख पाँच हजार सात सयको क्षति भएको थियो । आव ०७७/७८ मा एक सय ५१ घर, २९ गोठ, १९ अन्य, दुई सरकारी कार्यालय र तीन विद्यालयमा क्षति पुग्दा रु चार करोड १६ लाख १० हजार बराबरको क्षति भएको थियो । आव ०७८/७९ मा ३९ घर, आठ गोठ, अन्य ३२ संरचनामा क्षति पुग्दा रु १८ करोड ९० लाख ७५ हजारको क्षति भएको विपद् व्यवस्थापन समितिले जनाएको छ । आव ०७९/८० मा ६० घर, १४ गोठ, अन्य २२ संरचनामा क्षति पुग्दा रु रु तीन करोड ७७ लाख ७७ हजार चार सयबराबरको क्षति भएको थियो । समितिले विभिन्न प्रकोपहरूका कारण सामाजिक तथा मानवीय जीवनमा आइपर्ने विपद्‌लाई थेग्न तथा हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न अति आवश्यक भएकाले प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयमा ल्याएको छ । विपद्‌बाट समुदायको आर्थिक, सामाजिक तथा मानवीय जीवनमा पुर्‍याउन सक्ने क्षति न्यूनीकरण गरी विपद्‌पछि छिटोभन्दा छिटो पूर्ववत् अवस्थामा ल्याउन प्रतिकार्य योजना प्रभावकारी हुने विश्वास गरिएको प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जानकारी दिनुभयो । जिल्लाका दसवटै पालिका बाढी, पहिरो, आगलागी, चट्याङजस्ता विपद्को जोखिममा रहेको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार दस पालिकाका अधिकांश वडाहरू बाढीपहिराको जोखिममा रहेका छन् । पहिराको प्रकोपका आधारमा व्यास नगरपालिका, भिमाद नगरपालिका, शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र म्याग्दे गाउँपालिका उच्च जोखिममा रहेको छ । बाढीको प्रकोपका आधारमा भानु नगरपालिका र देवघाट गाउँपालिकाका उच्च जोखिममा छ । कार्यालयका अनुसार व्यास नगरपालिकाको -१, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ सम्म र १४ का ६२ टोल बस्ती पहिराको उच्च जोखिममा छ । भानु नगरपालिकाको -४, ५, ६ र ७ का टोलबस्ती, भिमाद नगरपालिकाको-३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिकाको-९ र १०, देवघाट गाउँपालिकाको-१, २, ३ र ४, बन्दीपुर गाउँपालिकाको-१, २, ४ र ५ का दस बस्ती, घिरिङ गाउँपालिकाको -२, ३, ४ र ५ का दस बस्ती, ऋषिङ गाउँपालिकाको-१, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिकाको-४, ५, ६ र म्याग्दे गाउँपालिकाको-१ देखि ७ सम्मका बस्ती पहिराको जोखिममा छ । यसैगरी व्यास नगरपालिकाको-१, २, ३, ६, ८, ९, ११ र १३ का ४७ बस्ती, भानु नगरपालिकाको-१, २, ५, ६, ७, ११, १२ र १३ का बस्ती, भिमाद नगरपालिका-१ को दुई बस्ती, शुक्लागण्डकी नगरपालिकाको-४ र ८ को बस्ती, देवघाट गाउँपालिकाको-१ देखि ५ सम्मकानदी तटीय क्षेत्र बाढीको जोखिममा छ । बन्दीपुर गाउँपालिका-६ को सामीकोट क्षेत्र, घिरिङ गाउँपालिका-१ को कालीगण्डकी, मैदीखोला र सिरिङ्दी क्षेत्र किनारका बस्ती, ऋषिङ गाउँपालिका-१, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिका-२, ४, ५, ६ का बस्तीहरू, म्याग्दे गाउँपालिका-३ र ६ को अकला क्षेत्र बाढीको उच्च जोखिममा छ ।

प्रजिअ रिजालले भन्नुभयो, "मनसुनको समयमा हुनसक्ने विभिन्न प्रकोपका घटनाहरू र यसदेखि सिर्जना हुने विपद्को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायत कार्य गर्न कार्ययोजना बनाएर अगाडि बढेका छौं ।" यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकायहरूको अधिकतम परिचालन हुने, मनसुनका कारण उत्पन्न हुन सक्ने विपद्‌मा प्रतिकार्यका लागि सम्बद्ध निकायहरू तयारी अवस्थामा रहनेछन् ।

# विद्यार्थीमा सीप सिक्दै र पढ्दै अभियान प्रभावकारी

**पोखरापत्र संवाददाता**
दमौली, २० भदौं

जिल्लाको व्यास नगरपालिका-१० दुम्सीचौरस्थित भानु माध्यमिक विद्यालयमा सिक्दै र पढ्दै अभियान प्रभावकारी बन्दै गएको छ । दिनभरीको पढाइबाट थकित विद्यार्थीलाई तनावमुक्त बनाउन अन्तिम समयमा विभिन्न किसिमका मनोरञ्जनात्मक र सीपमूलक शिक्षा दिन थालिएको हो ।

विद्यालयले सिक्दै र पढ्दै अभियानअन्तर्गत गायन बाद्यबाजन, नृत्य, चित्रकला, हस्ताकला, वक्तृत्वकला, बाबियाँको डोरी बाट्नेलगायत कार्यलाई प्राथामिकता दिँदै आएको छ। करिब एक हप्ता अघिदेखि पढाइका साथै सीपमूलक शिक्षा प्रदान गर्न थालेपछि अभिभावकसमेत खुसी हुन थालेको विद्यालयका शिक्षक बुद्धिबहादुर बरालीले जानकारी दिनुभयो । घोकन्ते शिक्षाको तुलनामा व्यवहारिक शिक्षा प्रभावकारी बन्दै जाँदा विद्यालयका शिक्षक पनि उत्साहित भएर सिकाउन लाग्नुभएको उहाँले बताउनुभयो । "विद्यार्थीको आवश्यकताअनुरुप बाद्यबाजनको माग पूरा गर्न कठिनाइ भइरहेको छ",शिक्षक बरालीले भन्नुभयो, "विद्यार्थीलाई आवश्यक पर्ने सामग्री व्यवस्था गर्न सके राम्रो गर्न सक्ने अपेक्षा गरिएको छ ।" कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई आफ्नो रुचिको विषय र क्षेत्र छुट्याएर सिक्न लगाइएको विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर दरैले जानकारी दिनुभयो । उक्त विद्यालयमा हाल डेढ सयको हाराहारीमा विद्यार्थी अध्ययनरत छन् । आदिवासी जनजाति समुदायका बालबालिकाको बाहुल्य रहेको उक्त विद्यालयमा क्षेत्री र बाहुनको सङ्ख्या नगण्य मात्रामा छ । "अहिले विद्यार्थीसँग कुनै पनि शुल्क लिइएको छैन्", उहाँले भन्नुभयो "पछि विज्ञ ल्याउनुपर्ने अवस्था आयो भने त्यो बेला लिन पनि सकिन्छ होला ।"

स्थानीयस्तरका विस्थापित बन्दै गएको सीप यस किसिमको शिक्षाले संरक्षणमा टेवा पुग्ने अपेक्षा गरिएको छ । आफ्ना छोराछोरीलाई अभिभावकले सीप सिकाउनुपर्ने दायित्व भए पनि त्यसो हुन नसक्दा विद्यालयले पहल गर्न थालेको हो । स्थानीयस्तरका सीप लोपोन्मुख हुने अवस्थामा पुगेकाले संरक्षण गर्दै सीप हस्तान्तरण गर्ने योजना रहेको प्रअ दरैले बताउनुभयो । सीपहरू स्थानन्तरण र हस्तान्तरण हुन सकेका छैनन् स्थानीय सीपलाई जोगाउँदै स्थानन्तरण गर्ने सोचका साथ विद्यालय परिवार अघि बढेको उहाँले भन्नुभयो । सैनिक विद्यालयमा अध्ययन गरेर आउनु भएका शिक्षक पुरन गुरुङसँग चौतर्फी सीप र ज्ञान भएकाले उहाँले विद्यार्थीलाई प्रशिक्षण दिँदै आउनुभएको छ । स्थानीय भूपु विद्यार्थी, भूपु शिक्षक, स्थानीयवासी, स्थानीय तह सबैको साथ र सहयोग रहेमा यस विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्न सकिने सम्भावना देखिएको प्रअ दरैले बताउनुभयो ।

# राजनीतिक कार्यक्रममा सहभागी नहुन शिक्षकलाई निर्देशन

**पोखरापत्र संवाददाता**
गोरखा, २० भदौं

गोरखाको गण्डकी गाउँपालिकाले पालिकाभित्रका शिक्षकलाई राजनीतिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिएको छ ।

पालिकाभित्र हुने गरेका राजनीतिक कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता रहेको फोटो तथा भिडियो सामाजिक सञ्जालबाट बाहिरिएपछि गाउँपालिकाले सार्वजनिक सूचनामार्फत राजनीतिक कार्यक्रममा सहभागी नहुन शिक्षकलाई निर्देशन दिएको हो । "शिक्षा नियमावली २०५९ तथा शिक्षक आचारसंहिताले शिक्षक तथा निजामती सेवा नियमावली २०५० ले निजामती कर्मचारी कुनै प्रकारको राजनीतिक गतिविधिमा संलग्न हुन नपाउने व्यवस्था गरेको छ", गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रिजेश उपरकोटीले भन्नुभयो, "त्यसले कोही पनि राजनीति कार्यक्रममा सहभागी हुन पाइदैन् । गाउँपालिकाको निर्देशन उल्लङ्घन गरी राजनीतिक कार्यक्रममा सहभागी भएको पाइएमा विभागीय सजाय हुन्छ ।"

सामाजिक सञ्जालमार्फत राजनीतिक कार्यक्रममा शिक्षकको सहभागिता भएको सन्दर्भमा गाउँपालिकाको गम्भीर ध्यानकर्षण भएको भन्दै उहाँले सार्वजनिक गुनासो र चासोका आधारमा शिक्षकलाई सूचनामार्फत सचेत गराएको बताउनुभयो । प्रशासकिय अधिकृत उपरकोटीका अनुसार विद्यालयलाई राजनीतिक कार्यक्रमको आयोजनास्थल बनाइ राजनीतिक कार्यक्रम नगर्न/नगराउन पनि गाउँपालिकाले भनेको छ । विभिन्न राजनीतिक दलका कार्यक्रममा गण्डकी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका भवनकोसमेत प्रयोग भएको भन्ने सूचना तथा फोटो सामाजिक सञ्जालमार्फत कार्यालयलाई प्राप्त भएको भन्दै त्यसतर्फ गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको पालिकाले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

विद्यालयको भवनमा राजनीतिक कार्यक्रम दिएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्षले सोको जिम्मेवारी लिनुपर्ने भन्दै त्यसका लागि पालिकाले आवश्यक प्रक्रिया अघि बढाइ कारबाही गर्ने चेतावनी दिएको छ ।

# तिप्ल्याङ-कालीगण्डकीको पिपिए, कालीगण्डकीमा चार सय मेगावाटका पाँच आयोजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० भदौं

आइएमई समूहले म्याग्दीमा निर्माण गर्न लागेको तिप्ल्याङ कालीगण्डकी जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भएको छ । अन्नपूर्ण र रघुगङ्गा गाउँपालिकामा निर्माण हुने ५८ मेगावाट क्षमताको उक्त आयोजनाको प्रवर्द्धक कम्पनी तिप्ल्याङ-कालीगण्डकी हाइड्रोपावर र नेपाल विद्युत् प्राधिकरणबीच सो सम्झौता भएको हो ।


प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र हाइड्रोपावरका अध्यक्ष चन्द्रप्रसाद ढकालले मङ्गलबार काठमाडौंमा सो सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । आयोजनाबाट उत्पादन भएको विद्युत् सुख्खायाममा प्रतियुनिट रु आठ दशमलव४० र बर्खा याममा प्रतियुनिट रु चार दशमलव८० का दरले खरिद गर्ने सम्झौता भएको छ । व्यापारिक उत्पादन सुरु भएको मितिदेखि वार्षिक तीन प्रतिशतका दरले आठ पटकसम्म मूल्य वृद्धि गरी खरिद गर्ने सम्झौतामा उल्लेख छ ।

कालीगण्डकी र मिस्त्रीखोला-२ जलविद्युत् आयोजनाको क्यासकेडको रूपमा यो आयोजना बनाउन लागिएको हो । अण्ठाउन्न मेगावाट क्षमताको विद्युत् खरिदबिक्री सम्झौता भए पनि आयोजनाको क्षमता वृद्धि गरी ८६ मेगावाट कायम गर्न विद्युत् विकास विभागले सैद्धान्तिक सहमति प्रदान गरिसकेको छ । आइएमई समूहले प्रबर्द्धन गरेको हाइड्रो सपोर्ट प्रालिको ६६दशमलव तीन मेगावाट क्षमताको माथिल्लो कालीगण्डकी जलविद्युत् आयोजनाको यसअघिनै पिपिए भइसकेको छ ।

अन्नपूर्ण गाउँपालिका-३ को सुकेबगरमा बाँध र वडा नम्बर-२ को ठूलो बगर क्षेत्रमा विद्युत्‌गृह बनाउने प्रस्ताव भएको छ । माथिल्लो कालीगण्डकीको र मिस्त्री-२ को विद्युत् गृहबाट निस्कने पानीलाई तिप्ल्याङ कालीगण्डकीको बाँधमा मिसाउने योजना रहेको छ । यी दुई वटा आयोजनाबाट सुख्खा याममा २९५दशमलव४६८ र वर्षायाममा ६३०दशमलव ८९५ गरी कूल वार्षिक ९२६दशमलव३६५ गिगावाट आवर ऊर्जा उत्पादन हुने जनाइएको छ । विसं २०८६ असार महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको कूल लागत रु ३३ अर्ब १४ करोड रहेको कम्पनीले जनाएको छ । नविल बैंकको अगुवाइमा वित्तीय व्यवस्थापन गरिसकेको आयोजनाले पूर्वाधार निर्माणको तयारी गरेको हाइड्रोपावरका अध्यक्ष ढकालले बताउनुभयो ।

दुईवटै आयोजना निर्माणस्थल बेनी-जोमसोम-कोरला सडक नजिकै छ । अन्नपूर्ण गाउँपालिका-३स्थित दानामा रहेको प्राधिकरणको २२० केभी क्षमताको सव स्टेशनमार्फत केन्द्रीय प्रणालीमा विद्युत् आवद्ध गराइने भएको छ ।

मुस्ताङदेखि पर्वतको सिमानासम्मको म्याग्दी खण्डमा कालीगण्डकी नदीमा करिब चार सय मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माणको तयारी भएको छ । चिनियाँ लगानीमा निर्माण हुन लागेको एक सय ६४ मेगावाट क्षमताको नेपाल कालीगण्डकी गर्ज जलविद्युत् आयोजना जिल्लामा अहिलेसम्मकै सबैभन्दा ठूलो आयोजना हो ।




## मुग्लिन-पोखरा सडक खण्डका लागि आवश्यक निर्माण सामग्री (ग्राभेल) व्यवस्थापनका निमित्त तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/ २१)**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं.२९ मा मुग्लिन-पोखरा सडक खण्डका लागि आवश्यक निर्माण सामग्री (ग्राभेल) व्यवस्थापनका निमित्त जग्गा ब्यबस्थापन कार्य गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | मुग्लिन-पोखरा सडक खण्डका लागि आवश्यक निर्माण सामग्री (ग्राभेल) व्यवस्थापनका निमित्त जग्गा ब्यवस्थापन कार्य, पोखरा महानगरपालिका, वडा नं. २९ |
| प्रस्तावको व्यहोरा | मुग्लिन-पोखरा सडक खण्डका लागि आवश्यक निर्माण सामग्री (ग्राभेल) व्यवस्थापनका निमित्त जग्गा ब्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं.२९ |
| कित्ता नं. | २१४३, २१४४, २३५६, २९७५, १६७५, १४९२, ३२४६, ८०६७, ८०६८, ८०६९, ७४६१, ७४६२ र ७४६० को २५ रोपनी मध्ये २२ रोपनीबाट उत्खनन् गरिने |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, वडा नं.२९ को कार्यालय, फोनः ०६१-५२११०५, ईमेलः info@pokharamun.gov.np
२. श्री ग्रिन हेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाण्डौ फोन नं.९८४६४०४११८